धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६९/७०

प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्नु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन ।

९८५११२०८५०
भाईवरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २३, अङ्क ९२ ◆ २०८३ कात्तिक १ आइतबार ◆ Sunday, October 18, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४◆ मूल्य रु. ५/-

आरुघाटमा बेलीब्रिज जडान गरिँदै

❑ *प्रत्यूष समाचारदाता*

गोरखा । नेपाली सेना र गोरखा सडक योजनाले धमाधम संयुक्त रुपमा आरुघाटमा बेलीब्रिज जडान गर्ने काम सुरुआत गरेका छन् । गत आइतबार बूढीगण्डकीको बाढीले गोरखा र धादिङ जोड्ने आरुघाटको पुलको केही भाग बगाएको थियो। दसैँअघि नैअस्थायी यातायात सेवा सुचारु गर्न बेलीब्रिज निर्माण गर्न थालिएको हो। गोरखा र धादिङ जोड्ने सो पुललाई दसैँअघि नै सञ्चालन गर्नेगरी बेलीब्रिज को काम भइरहेको गोरखा सडक योजना कार्यालयले जनाएको छ ।

आरुघाटको मोटरेबल पुल बाढीले बगाएपछि आरुघाट बजार र पृथ्वीराजमार्ग बीच आवागमन अवरुद्ध भएको थियो। सो सडकमा सवारी साधन नचल्दा दसैका बेला उत्तरी गोरखा आवतजावत प्रभावित बनेको थियो । पुलजीप लगायत प्राविधिक काम गोरखा सडक योजना कार्यालय र बेलीब्रिजको डेक जोड्ने काम नेपाली सेनाले गरेको हो । "आजसम्म हामी पुलको दुवैतर्फको जीप तयार गरिसक्छौं। अब नेपाली सेनाले डेक सेटिङको काम सुरुआत गर्छन्", गोरखा सडक योजना कार्यालयका प्रमुख विनोद पुनले भन्नुभयो, "सेनाले दुई दिनमा काम सम्पन्न गर्छौं भनेको छ। दशैँअघि नै त्यहाँ गाडी चल्छ ।" गत आइतबार बूढीगण्डकीको सहायक खोला उङ्गिलुङ पहिरोले थुनिएर एक्कासी आएको बाढीले धादिङ र गोरखा जोड्ने सो पुलको गोरखातर्फको भाग बगाएको थियो । "बगेको भागमा तत्काल सवारी चलाउन अहिले २२ मिटर लम्बाइ र चार मिटर चौडाइ भएको बेलिब्रिज जोडिन्छ", कार्यालय प्रमुख पुनले भन्नुभयो, "दसैँअघि सवारी सञ्चलन गर्न मिल्ने गरी रातदिन नभनी काम भइरहेको छ।" राती पनि काम नरोकिएको उहाँले बताउनुभयो । उत्तरी गोरखाको आरुघाट, धार्चे र चुमनुब्री गाउँपालिकालाई पृथ्वीराजमार्गसंग जोड्ने सो पुल २०७० सालमा निर्माण भएको हो ।

झापामा चाडपर्व सुरक्षा रणनीतिः भीडभाडमा ड्रोनबाट निगरानी गरिने



झापा । चाडपर्वका बेला हुने भीडभाडको निगरानी गर्न झापामा ड्रोनसमेत प्रयोग गरिने भएको छ । जिल्ला सुरक्षा समितिले चाडपर्व लक्षित एकीकृत सुरक्षा योजना सार्वजनिक गर्दै सुरक्षा संवेदनशीलता हेरी मेला, महोत्सव तथा धार्मिक र सांस्कृतिक स्थलमा ड्रोनबाट निगरानी गर्ने जनाएको हो ।

योजनाअनुसार जिल्लाभर नेपाल प्रहरी र सशस्त्र प्रहरी बलका गरी दुई हजार १२७ सुरक्षाकर्मी परिचालन गरिनेछ। नेपाल प्रहरीतर्फ एक हजार १९२ र सशस्त्र प्रहरीतर्फ ९३५ सुरक्षाकर्मी खटाइने प्रमुख जिल्ला अधिकारी श्रवणकुमार पोखरेलले जानकारी दिनुभयो।"चाडपर्वका बेला हुन सक्ने आपराधिक गतिविधि नियन्त्रण गरी नागरिकलाई सुरक्षित वातावरणमा पर्व मनाउने व्यवस्था मिलाउन एकीकृत सुरक्षा योजना बनाइएको हो", उहाँले भन्नुभयो ।

सुरक्षा योजनाअन्तर्गत जिल्लाका ६२ संवेदनशील स्थानमा 'पिकेट' स्थापना गरिनेछ। त्यस्तै, ३५ टोलीबाट मोबाइल गस्ती र ३१ टोलीबाट पैदल गस्ती गरिनेछ भने सम्भावित घटनामा तत्काल परिचालन हुन सातवटा क्विक रेस्पोन्स टिम (क्यूआरटी) तयारी अवस्थामा राखिनेछ ।

चोरी, लुटपाट, पकेटमारी, जुवातास तथा सट्टेबाजी, मादक पदार्थ सेवनबाट हुने झैँझगडा र सवारी दुर्घटनालाई मुख्य सुरक्षा चुनौतीका रूपमा पहिचान गरिएको छ। यस्ता गतिविधि नियन्त्रण गर्न नियमित तथा आकस्मिक चेकिङ, संयुक्त जाँच र रात्रिकालीन गस्तीलाई तीव्रता दिइनेछ। त्यसैगरी, सीमा सुरक्षा तथा सीमापार अपराध नियन्त्रणका लागि थप जनशक्ति परिचालन गरिनेछ। ट्राफिक व्यवस्थापन, यात्रु सहायता कक्ष सञ्चालन र सवारीचालकको स्वास्थ्य जाँचलाई प्राथमिकता दिइनेछ ।

बैंक तथा वित्तीय संस्था, सुनचाँदी पसल र नगद कारोबार हुने प्रतिष्ठानलाई सुरक्षा व्यवस्था चुस्त राख्न तथा सीसी क्यामेरा दुरुस्त अवस्थामा राख्नसमेत आग्रह गरिने जिल्ला सुरक्षा समितिले जानकारी दिएको छ ।

नवरात्रको आठौँ दिन : महागौरी देवीको पूजा आराधना गरिँदै

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौं। बडादसैँ एवं नवरात्रको आठौँ दिन दसैँ घर वा पूजाकोठामा नौ दूर्गामध्येकी आठौँ महागौरी देवीको विधिपूर्वक पूजा आराधना गरिँदैछ ।

प्रत्येक वर्ष आश्विन शुक्ल अष्टमी अर्थात् दुर्गा पक्षको आठौँ दिन महागौरी देवीको विधिपूर्वक पूजा आराधना गर्ने वैदिक सनातनी परम्परा छ । महागौरी देवीको रङ पहिला केही कालो भएकाले भगवान् शिवले एक दिन ख्यालठट्टामा देवीलाई 'ए काली' भन्ने शब्द प्रयोग गर्नुभएछ । त्यो शब्द भगवतीलाई मन परेनछ ।

कठोर तपस्या गरी गोरो वर्ण प्राप्त गरेकाले महागौरी नाम रहन गएको विभिन्न पुराणमा उल्लेख गरिएको छ। महागौरी सेतो वृषभमाथि चढेकी, गोरो वर्णकी र श्वेतवस्त्र धारण गरेकी स्वरूपमा हुन्छिन् भनी पुराणलगायत शास्त्रीय ग्रन्थमा उल्लेख गरिएको छ । नवरात्रको पहिलो दिन असोज २५ गते आइतबार दसैँघर वा पूजा-कोठामा वैदिक विधिपूर्वक घटस्थापना गरी जौको जमरा राखिएको थियो । त्यसैदिन घटस्थापना गरिएको स्थानमा नौ दुर्गामध्येकी पहिलो देवी शैलपुत्रीको आह्वान गरी विधिपूर्वक पूजा आराधना गरिएको हो ।

दोस्रो दिन सोमबार पूजा स्थलमा ब्रह्मचारिणी देवीलाई आह्वान गरी विधिपूर्वक पूजा आराधना गरिएको थियो भने तेस्रो दिन मङ्गलबार चन्द्रघण्टा देवीको निष्ठाका साथ पूजा आराधना समेत गरियो ।

दशैंको चौँथो दिन बुधबार कुष्माण्डा देवीको विधिपूर्वक पूजा आराधना गरिएको थियो भने पाँचौँ दिन बिहीबार स्कन्दमाताको पूजा गरिएको थियो। छैटौँ दिन शुक्रबार कात्यायनी देवीको पूजा आराधना गरियो । सातौँ दिन शनिबार कालरात्रि देवीको विधिपूर्वक पूजा आराधना गरिएको थियो । यसैदिन दसैँ घर वा पूजा कोठामा फूलपाती पनि भित्र्याइएको थियो ।

आठौँ दिन आज महागौरी देवीको पूजा आराधना गरिँदैछ । नवरात्रका नौ दिन घटस्थापना गरिएको स्थलमा दुर्गा सप्तशती (चण्डी), श्रीमद्देवीभागवतलगायत देवी स्तोत्र पाठसमेत गरिन्छ । नवरात्रका अवसरमा देवीको आराधना गरी पूजा गरेमा शक्ति, ऐश्वर्य र विद्या प्राप्त हुने धार्मिक विश्वास छ । यसै आधारमा वैदिक सनातन धर्मावलम्बीले प्रत्येक वर्ष आश्विन शुक्ल प्रतिपदादेखि नवमीसम्म दुर्गा देवीको विशेष आराधना गर्छन् । नौ दिनसम्म पूजा आराधना गरेको प्रसाद विजयादशमी देखि कोजागरत पूर्णिमाका दिनसम्म लगाइन्छ । यसरी १५ दिनसम्म नेपालीले बडादसैँ पर्व मनाउँछन् ।

दुर्गा पक्षसमेत भनिने दसैँको पहिलो दिन शैलपुत्री, दोस्रो दिन ब्रह्मचारिणी, तेस्रो दिन चन्द्रघण्टा, चौथो दिन कुष्माण्डा, पाँचौँ दिन स्कन्दमाता, छैटौँ दिन कात्यायनी, सातौँ दिन कालरात्रि, आठौँ दिन महागौरी, र नवौँ दिन सिद्धिदात्रीको पूजा आराधना गर्ने गरिन्छ ।

यीनै नौवटा दुर्गाका रूपलाई नवदुर्गा पनि भनिन्छ । नवरात्रमा देशभरका शक्तिपीठमा पूजा आराधना एवं दर्शन गर्ने भक्तजनको भीड लाग्ने गर्छ । यस अवसरमा काठमाडौँ उपत्यका र बाहिरका शक्तिपीठमा भक्तजनको भीड लागेको छ । नवरात्रको सातौँ दिनपछि सार्वजनिक बिदा पनि दिइएकाले देशभरका शक्तिपीठ एवं देवी मन्दिरमा भीड बढ्ने गर्छ ।

अस्थायी मर्मतपछि दसैँमा सहज बन्दै बागलुङका सडक

❑ *प्रत्यूष समाचारदाता*

बागलुङ । बाढीपहिरोले क्षति पुऱ्याएका बागलुङका राष्ट्रिय राजमार्गदेखि ग्रामीण सडकसम्म अस्थायी मर्मतपछि सञ्चालनमा आएका छन्। सडक सञ्चालनमा आएपछि दसैँ मनाउन घर फर्किने यात्रुलाई सहज भएको छ ।

यही असोज ९ देखि ११ गतेसम्म परेको अविरल वर्षासँगै आएको बाढीपहिरोले जिल्लाका सडक पूर्वाधारमा ठूलो क्षति पुऱ्याएको थियो । मध्यपहाडी लोकमार्ग, कालीगण्डकी करिडोर, बागलुङ-बेनी सडक, प्रदेशस्तरीय तथा ग्रामीण सडक अवरुद्ध भएका थिए। क्षतिग्रस्त सडकमा अस्थायी मर्मत गरी यातायात सञ्चालनमा ल्याइएको हो । सडक डिभिजन कार्यालय बागलुङका प्रमुख हरि सुवेदीका अनुसार मालदुङ्गा पुलको पहुँचमार्ग, बागलुङ-बेनी सडक तथा मध्यपहाडी लोकमार्गको गलकोट र निसीखोला खण्डमा मर्मतपछि यातायात सञ्चालन भएको छ । मालदुङ्गा पुलको पहुँचमार्ग १५ दिनपछि र गलकोट-ताराखोला सडक १७ दिनपछि सञ्चालनमा आएको थियो । सडक डिभिजन कार्यालयअन्तर्गतका राष्ट्रिय तथा सहायक राजमार्गमा करिब रु ३० करोडको क्षति भएको सुवेदीले बताउनुभयो। मध्यपहाडी लोकमार्गको निसीखोला र गलकोट खण्डमा सबैभन्दा बढी क्षति पुगेको उहाँले जानकारी दिनुभयो ।

मध्यपहाडी लोकमार्गको निसीखोलास्थित कानाबगर र झिवाखोला क्षेत्रमा करिब ४०० मिटर सडक बगाएर बगरमा परिणत भएको थियो। ती स्थानमा डाइभर्सन निर्माण गरी यातायात सञ्चालनमा ल्याइएको छ । घोडाबाँधे-हटिया खण्डमा पनि एक दर्जनभन्दा बढी स्थानमा पहिरो गएको र सडक भासिएको थियो। कालीगण्डकी करिडोरको काला-खोला बगर, बेलबगर र जैमिनीघाट क्षेत्रमा पहिरोले क्षति पुऱ्याएको थियो । ती स्थानमा अस्थायी पहुँचमार्ग निर्माण तथा मर्मत गरेर यातायात सञ्चालन गरिएको छ। बागलुङ बजारदेखि सिँगाना र तित्याङ जाने सडकमा पनि पहिरोले क्षति पुऱ्याएको थियो । अवरुद्ध ग्रामीण सडक स्थानीय तहले मर्मत गरेर सञ्चालनमा ल्याएका छन् । पूर्वाधार विकास कार्यालय बागलुङका प्रमुख अनुप थापाका अनुसार प्रदेश सरकार अन्तर्गतका सडकमा करिब रु २० करोडको क्षति भएको प्रारम्भिक अनुमान छ । सबैभन्दा बढी क्षति गलकोट-हरिचौर-ताराखोला सडकमा पुगेको उहाँले बताउनुभयो ।उक्त सडकको आठ किलोमिटर खण्डमा एक दर्जन स्थानमा पहिरो गएको थियो भने तीन स्थानमा ताराखोलाले कालोपत्र सडकको ट्यार्क नै बगाएको थियो। ती स्थानमा माटो भरेर अस्थायी रूपमा यातायात सञ्चालनमा ल्याइएको छ ।

प्रदेशस्तरीय सडकमा गरी करिब रु ५० करोडको क्षति भएको प्रारम्भिक अनुमान छ । क्षतिग्रस्त सडकको दीर्घकालीन पुनर्निर्माणका लागि रु एक अर्बभन्दा बढी खर्च लाग्ने अनुमान गरिएको छ । तत्कालका लागि कटिङ, फिलिङ र अस्थायी पहुँचमार्ग निर्माण गरेर सडक सञ्चालनमा ल्याइए पनि स्थायी पुनर्निर्माणको काम भने बाँकी छ ।

नयाँ बसपार्कसहित उपत्यकाका विभिन्न नाकामा यात्रुको चाप बढ्यो

काठमाडौं । नेपालीको महान् पर्व बडादसैँ नजिकिएसँगै गोंगबुस्थित नयाँ बसपार्कसहित काठमाडौं उपत्यकाका विभिन्न नाकामा यात्रुको चाप बढेको छ। वर्ष दिनमा आउने नेपालीको ठूलो चाड दसैँ मनाउन राजधानीमा अध्ययन, रोजगारी तथा विभिन्न पेसा-व्यवसायमा संलग्न मानिसहरू धमाधम गाउँ फर्कन थालेसँगै नयाँबसपार्कसहित विभिन्न क्षेत्रमा यात्रुको चाप बढेको हो । काठमाडौं उपत्यका ट्राफिक कार्यालयका प्रवक्ता, प्रहरी उपरीक्षक (एसपी) नरेशराज सुवेदीले उपत्यकाभित्रका बसपार्क र नाकाहरूमा घर जानका लागि यात्रुको चाप बढेको बताउनुभयो । नयाँबसपार्कसहित माछापोखरी, कलङ्की, बल्खु, कोटेश्वर, गौशाला लगायतका क्षेत्रमा यात्रुको चाप बढेको र त्यसलाई ट्राफिक प्रहरीले सहज रूपमा व्यवस्थापन गरिरहेको बताउनुभयो । कार्यालयका अनुसार घटस्थापनादेखि हालसम्म चार लाख २३ हजार ६६४ यात्रुले काठमाडौं उपत्यका छाडेका छन् । उहाँका अनुसार असोज २५ गते ५२ हजार ८२७, असोज २६ गते ५६ हजार ८०९, असोज २७ गते ७८ हजार १३८, असोज २८ गते ७४ हजार ९७९, असोज २९ गते ८५ हजार ५६१ र असोज ३० गते ७५ हजार ३५० यात्रु काठमाडौंबाट बाहिरिएका छन्। काठमाडौंबाट दसैँ मनाउनका लागि फर्पिङ, नागढुङ्गा, थानकोट, भीमढुङ्गा, तीनपिप्ले, साँखु, भक्तपुरको जगाती र ललितपुरको भट्टेडाँडा नाका हुँदै यात्रु बाहिरीएका हुन् ।

दसैँका लागि घर फर्किने यात्रुको सङ्ख्या बढेसँगै यातायात व्यवसायीले बस व्यवस्थापन गरिरहेका छन् । नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घका महासचिव डेकनाथ गौतमले बाटोको कारण केही समस्या भए पनि सम्बन्धित निकायसँगको सहयोगमा बसको व्यवस्थापन गरिरहेको बताउनुभयो ।

महासङ्घले यात्रुलाई टिकट काटेर मात्र यात्रा गर्न, तोकिएको भाडा तिर्न र सवारीसाधनको अवस्था जाँच गरेर यात्रा गर्न आग्रह गरेको छ । दसैँले परिवार, आफन्त र समुदायबीचको सम्बन्धलाई अझ प्रगाढ बनाउने भएकाले रोजगारी तथा अध्ययनका लागि राजधानीमा बसोबास गर्दै आएका मानिस चाडपर्व मनाउन घर फर्किने क्रम हरेक वर्ष बढ्ने गरेको छ । दसैँ मनाउन राजधानीमा अध्ययन, रोजगारी तथा विभिन्न पेसा-व्यवसायमा संलग्न मानिसहरू धमाधम गाउँ फर्कन थालेसँगै नयाँबसपार्कसहित विभिन्न क्षेत्रमा यात्रुको चाप बढेको हो ।

सम्पादकीय ....

महाअष्टमी र बलि प्रथा: परम्परा, आस्था र बदलिँदो सोच

नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक तथा बहुसांस्कृतिक विशेषताले भरिपूर्ण देश हो । यहाँ मनाइने विभिन्न चाडपर्वमध्ये दसैँ सबैभन्दा ठूलो र महत्वपूर्ण पर्वका रूपमा परिचित छ । दसैँको आठौँ दिन अर्थात् महाअष्टमीलाई धार्मिक तथा सांस्कृतिक दृष्टिले विशेष महत्वका साथ मनाइन्छ । यस दिन देवी दुर्गा तथा शक्तिस्वरूपा भगवतीको पूजा आराधना गरिन्छ । साथै, विभिन्न स्थानमा परम्पराअनुसार पशुबलि दिने चलनसमेत रहिआएको छ ।

महाअष्टमीका दिन दुर्गा भवानीले दुष्ट शक्तिमाथि विजय प्राप्त गरून् भन्ने कामनासहित विशेष पूजा गरिन्छ । हिन्दू धार्मिक मान्यताअनुसार देवी दुर्गा शक्ति, साहस र अन्यायविरुद्धको सङ्घर्षकी प्रतीक हुन् । यही मान्यताका आधारमा कतिपय मन्दिर तथा घरमा बोका, राँगा, भेडा, कुखुरालगायतका पशुपन्छीको बलि दिने परम्परा छ । कतिपय समुदायले यसलाई पुर्स्तौंदेखि चल्दै आएको धार्मिक आस्था र सांस्कृतिक पहिचानका रूपमा लिने गरेका छन् ।

बलि प्रथाको ऐतिहासिक तथा धार्मिक महत्व भए पनि वर्तमान समयमा यस विषयमा समाजमा विभिन्न विचार र बहस हुँदै आएका छन् । केही मानिसले बलिलाई परम्पराको निरन्तरताका रूपमा समर्थन गर्छन् भने अरूले जीवजन्तुको हत्या नगरी पनि देवीको पूजा गर्न सकिने धारणा राख्छन् । उनीहरूका अनुसार धर्मको वास्तविक उद्देश्य जीवप्रति दया, करुणा, प्रेम र सद्भावको भावना विकास गर्नु हो । त्यसैले पूजा आराधनामा फूल, फल, नरिवल, अक्षता तथा अन्य सामग्री चढाएर पनि धार्मिक आस्था व्यक्त गर्न सकिन्छ ।

आजको आधुनिक समाजमा परम्परालाई सम्मान गर्दै त्यसका सकारात्मक पक्षलाई संरक्षण गर्नु आवश्यक छ । तर परम्पराको नाममा गरिने हरेक कार्यलाई प्रश्नै नगरी निरन्तरता दिनुभन्दा त्यसको उद्देश्य र प्रभावबारे विवेकपूर्ण विचार गर्नु पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ । विशेषगरी बालबालिका तथा युवापुस्तालाई दसैँको वास्तविक सन्देश बुझाउनु आवश्यक छ । दसैँको महाअष्टमी र बलि प्रथा: परम्परा, आस्था र बदलिँदो सोच । दसैँ केवल भोजभतेर, किनमेल र बलिमा सीमित पर्व होइन । यो आपसी प्रेम, पारिवारिक मिलन, सामाजिक सद्भाव र असत्यमाथि सत्यको विजयको प्रतीक पनि हो । हामीले धार्मिक आस्था र सांस्कृतिक विविधताको सम्मान गर्दै हिंसाभन्दा दया, द्वेषभन्दा प्रेम र विभाजनभन्दा एकतालाई प्राथमिकता दिनुपर्छ । बलि दिने वा नदिने विषयमा फरक विचार राख्ने व्यक्तिहरूबीच पनि परस्पर सम्मान र सहिष्णुता कायम रहनुपर्छ । धार्मिक आस्थाका नाममा कसैलाई अपमान गर्नु वा आफ्नो विचार जबर्जस्ती लाद्नु उचित हुँदैन ।

महाअष्टमीले हामीलाई शक्ति, साहस, सत्य र न्यायको मार्गमा अघि बढ्न प्रेरणा दिन्छ । दसैँको वास्तविक महत्व देवीको पूजा गर्नुमा मात्र नभई उहाँले प्रतिनिधित्व गर्ने असल गुणलाई आफ्नो जीवनमा उतार्नुमा पनि छ । त्यसैले परम्पराको सम्मान गर्दै करुणा, अहिंसा, सद्भाव र मानवीय मूल्यलाई जीवनमा अपनाउन सके दसैँ तथा महाअष्टमीको सन्देश अझ अर्थपूर्ण बन्न सक्छ ।

पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका **"प्रत्यूष राष्ट्रिय दैनिक** तपाईंलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं । तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईंहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं ।

पत्यूष National Daily राष्ट्रिय दैनिक
नीलकण्ठ -३, धादिङबेसी,
फोन ०१०-५२१४३०,९८५११२०८५०
Email : pratyushdainik@gmail.com

शिक्षकबाट कृषिउद्यमी बनेका फेन्चु अरुका लागि अनुकरणीय



वासुदेव पौडेल
वसन्त भण्डारी

हेटौँडा उपमहानगर पालिका-१३ पदमपोखरी आदामारा का ३७ वर्षीय युवा फेन्चु लामा आजभन्दा १० वर्षअघिसम्म शिक्षण पेसामा आबद्ध हुनुहुन्थ्यो । गणित विषयमा स्नातक तथा योजना व्यवस्थापनमा स्नातकोत्तरसम्म अध्ययन गर्नुभएका लामाले मनहरी गाउँपालिका-१ मकरीस्थित बालजीवन ज्योति माध्यमिक विद्यालयमा अध्यापन गरिहँदा उहाँमा कृषि उद्यमतर्फको रुचि जागेर आयो ।

आफ्नो रुचि र जाँगरसँगै परिवारको साथ र समर्थनका जगमा कृषिको व्यावसायिकतामा लागेका लामा अहिले हेटौँडाकै एउटा नमुना कृषि उद्यमीका रुपमा परिचित हुनुहुन्छ । विसं २०७३ देखि बाख्रापालन थाल्नुभएका उहाँ छ वर्षदेखि ड्रागनको खेती गर्दै आउनुभएको छ ।

पदमपोखरीमा एमएनएस एग्रो प्रालि सञ्चालन गर्दै उहाँले त्यसै कम्पनिमार्फत करिब ३० कट्ठा जमिनमा ड्रागनखेती गरिहनुभएको छ । त्यस्तै उहाँले ड्रागनखेतीसँगै विभिन्न अन्तरबाली पनि लगाउनु भएको छ । उहाँको फार्ममा करिब १० मेट्रिकटन क्षमताको शीत भण्डार, पोलीहाउस संरचना, सिँचाइ पूर्वाधार तथा मिनीटिलर र ट्र्याक्टरसहितको यान्त्रिकीकरण उपयोग गरिएको छ । उहाँले फार्मसँगै कृषि सामग्रीका लागि मिमा सप्लायर्स र पशु स्वास्थ्यका लागि मिमा भेट फार्म पनि सञ्चालन गर्दै आउनुभएको छ ।

समाजमा आधुनिक कृषि प्रविधिको विकाससँगै कृषि पर्यटन, रोजगारी सिर्जना गर्ने लक्ष्यका साथ सुरुमा बाख्रापालनबाट उहाँले व्यावसायिकतामा हात हाल्नुभएको हो । सुरुमा घरमा नै १५ वटा बाख्रा रहेकामा उहाँले क्रमश: बाख्रा थप्दै १०० वटासम्म बाख्रा पालेको अनुभव सुनाउनुभयो ।

बुबा रत्नकुमार लामाले २०५३ सालदेखि पदमपोखरीमा सञ्चालन गर्नुभएको एग्रेभेटले जगाएको कृषिप्रतिको इच्छा, बुबासँगै आमा सुमित्राकुमारीको प्रेरणा र श्रीमती सपनाको निरन्तरको साथ र सहयोगले उहाँ कृषिका बहुविकल्पलाई अँगाल्ने कृषिउद्यमीका रुपमा परिचित बन्नुभएको छ । शिक्षण पेसाबाट व्यावसायिक कृषिमा लम्कनका लागि पदमपोखरी चोकमा बुबा रत्नकुमारले सञ्चालन गर्दै आउनुभएको एग्रोभेट पसल महत्वपूर्ण माध्यम बन्न पुगेको उहाँको भनाइ छ ।

उक्त एग्रेभेटमा किसान सधैँ आफ्ना समस्या र समाधान खोज्दै आउने र त्यहाँ बस्दा किसानका कुरा सुनेपछि आफूहरू उत्पादनमा लाग्नुपर्छ भन्ने भावना जागृत बनेको उहाँले अनुभव सुनाउनुभयो । नेपाल पूर्ण रूपमा आयातमा निर्भर भएका अवस्थामा उत्पादनमा नलाग्ने हो भने देशमा परिवर्तन आउन नसक्ने ठहरसहित आफू व्यावसायिक कृषिमा होमिएको उहाँको तर्क छ ।

कृषिको व्यावसायिकता तथा उत्पादनमूलक क्षेत्रमा केही गर्नुपर्छ भन्ने सोचका साथ बाख्रापालनबाट यस क्षेत्रमा लाँदैगर्दा ड्रागन फलको बजारमा उच्च मूल्य, बोयर बाख्राको उन्नत जात र सयपत्री फूलको बढ्दो माग आदिलाई दृष्टिगत गर्दै यसतर्फ आकर्षित बन्न पुगेको उहाँले बताउनुभयो । ड्रागनबाट व्यावसायिक उत्पादन लिन कम्तीमा पाँच वर्षको धैर्यता चाहिने बताउँदै उहाँले फल पाक्नेबेला चराचुरङ्गीले करिब १० प्रतिशतसम्म क्षति पुऱ्याउने, दुसीजन्य रोगको प्रकोप देखिनेजस्ता विभिन्न समस्या आउने बताउनु भयो ।

आफ्नो फार्ममा चराबाट बचाउन 'बर्ड नेट' र फललाई सुरक्षित राख्न 'ब्यागिङ'को काम गरिएको उहाँले जानकारी दिनुभयो । अन्तरबालीअन्तर्गत मेवा, सयपत्री आदिको समेत उत्पादन गर्दै आएका उहाँले वार्षिक ड्रागन फलबाट वार्षिक ३० लाख रुपैयाँ बराबरको उत्पादन गर्नुभएको छ भने पाँच लाख रुपैयाँ बराबरको मेवा उत्पादन गर्नुभएको छ ।

त्यस्तै, उहाँले वार्षिक एक लाख रुपैयाँसम्मको सयपत्रीको उत्पादन गरिहनुभएको छ । उहाँको फार्ममा हाल १० हजार बोट ड्रागन फलका बोटसँगै ५०० को सङ्ख्यामा मेवाका बोट रहेका छन् ।

लामाको फार्म पूर्ण रूपमा पारिवारिक जनशक्ति र ज्ञानमा आधारित रहेको छ । प्राविधिक अनुभवसहित उहाँका बुबा यसमा सक्रिय हुनुहुन्छ भने श्रीमतीको कृषिकै अध्ययन र आफू पनि स्नातकोत्तर गरेपछि जेटिए पढेर कृषिसम्बन्धी विशेष तालिम लिनुभएको छ । उहाँहरूको परिवार सबै एकताबद्ध रुपमा फार्ममा खटिरहेको छ भने अन्य चार जना स्थायी कामदार रहेका छन् । मुख्य याममा भने थप ४०० जनासम्मका मजदुर खटाउने गरिएको छ । पछिल्ला वर्षमा फार्ममार्फत अरूलाई पनि सिकाएर कृषिमा काम गर्नसक्ने दक्ष बनाएको उहाँले बताउनुभयो । यहाँको सफलता देखेर पछिल्ला समयमा ठाउँ-ठाउँबाट उहाँसँग जान्न र सिक्न आउनेको सङ्ख्या पनि बढ्दो छ । जान्न तथा बुझ्न चाहनेलाई आफूले जानेका, भोगेका सीप र अनुभव बाँड्दै आउनुभएको छ ।

निरन्तरको लगाव र मेहनतकै कारण उहाँले स्थानीय तहदेखि प्रदेश र राष्ट्रियस्तरसम्मका विभिन्न उत्कृष्ट कृषक सम्मान समेत प्राप्त गरिसक्नुभएको छ । उहाँले २०७९ सालमा राष्ट्रपति उत्कृष्ट कृषक पुरस्कार प्राप्त गर्नुभएको छ । भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, मकवानपुरको आयोजनामा सञ्चालित जिल्लास्तरीय राष्ट्रपति उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम अन्तर्गत मकवानपुर जिल्लाबाट उक्त वर्षको उत्कृष्ट कृषकमा उहाँ छनोट हुनुभएको थियो । हेटौँडा उपमहानगर पालिकाको ५५औँ नगर दिवसका अवसरमा उहाँलाई एम एन एस एग्रो प्रालि स्थापना गरी ड्रगन फल, मेवा, खरबुजा, एभोकाडोलगायतका फलफूल, सयपत्री फूल, तरकारीखेती, नर्सरी र बाख्रापालन व्यावसायिक रूपमा सञ्चालन गरी स्वदेशमै रोजगारी सिर्जना गरी युवाका लागि प्रेरणाको स्रोत बनेको भन्दै सिर्जनकशील कृषक सम्मान २०८० बाट उहाँलाई सम्मान गरिएको थियो ।

प्रदेश कृषि थोकबजार हेटौँडा-११, थानाभञ्ज्याङमा कृषि तथा पशुपन्छी विकास मन्त्रालय, बागमती प्रदेश र हेटौँडा उपमहानगर पालिकाको संयुक्त आयोजनामा यसैवर्ष असार ११-१३ गते सम्पन्न ड्रागन फ्रुट महोत्सव-२०८३ को प्रविधि प्रदर्शन विधामा एम एन एस एग्रो प्रालिका सञ्चालकका रूपमा उहाँले प्रथम पुरस्कार प्राप्त गर्नुभएको थियो । लामाले आगामी दिनमा केवल उत्पादनमा मात्र नभई उत्पादित वस्तुको प्रशोधन गरी अन्य बहु प्रकृतिका उत्पादनलाई बजारमा लैजाने सोच राख्नुभएको छ । उहाँले ड्रागन फलबाट जुस, क्यान्डी र वाइन बनाउने सोच अघि सार्नु भएको छ । राज्यका प्रणालीगत समस्या समाधान गर्नुपर्ने सुझाव

कृषि क्षेत्रका प्रणालीगत रुपमा देखिएका समस्या समाधानका लागि राज्यको चासो पुग्नुपर्ने उहाँको भनाइ छ । कृषिप्रतिको आकर्षण बढाउनका लागि समयमा मल नपाइनु, गुणस्तरीय बीउको अभाव, कृषि बिमाको झन्झट र स्थिर बजार नहुनेलगायतका समस्या समाधान का लागि राज्यको चासो पुग्नुपर्ने उहाँको भनाइ छ । राज्यको नीतिहरू कृषकमैत्री बन्नुपर्ने बताउँदै उहाँले कृषिउपजको न्यूनतम समर्थन मूल्य निर्धारणसँगै डिजिटल बजारको पहुँच बढाउनु जरुरी रहेको बताउनुभयो । राम्रो उत्पादनका लागि गुणस्तरीय बीउ आवश्यक हुने आफ्नो अनुभवले देखाएको बताउँदै उहाँले आफ्नो फार्ममा करिब पाँच हजार पुराना ड्रागन फलका बोट फालेर नयाँ बोट लगाएको जानकारी दिनुभयो । कृषिकर्मका लागि पारिवारिक सहयोग तथा समर्थन पनि उत्तिकै अपरिहार्य हुने उहाँको अनुभव छ । "मैले शिक्षण पेसा छोडेर कृषिमा लाग्दा सुरुसुरुमा धेरैले धेरै कुरा भने", उहाँले विगत सम्झँदै भन्नुभयो, "आफ्नो व्यावसायिक यात्रामा बाहिरका व्यक्तिले के भन्छन्भन्दा पनि आफ्नो निरन्तरको लगाव र परिवारको साथ सहयोगले नै मलाई यो अवस्थामा पुऱ्याएको हो ।"

लामाले गरेको व्यावसायिक कृषिको सिको पछिल्लो समयमा यहाँका धेरै स्थानीयले गर्न थालेका छन् । पछिल्ला समयमा पदम पोखरीमा व्यावसायिक कृषिको विकासका लागि हेटौँडा उपमहानगर पालिकासहित सरकारी निकायले पनि निरन्तर साथ सहयोग पुऱ्याइरहेको उहाँले बताउनुभयो ।

पदमपोखरीमा व्यावसायिक कृषिप्रतिको आकर्षण र सम्भावना देखेर नै कृषि विकास कार्यालय चितवनमार्फत समुदायमा आधारित 'एक वडा एक कृषि उत्पादन' कार्यक्रमअन्तर्गत मेवाखेती गरिएको छ । आधामा र कृषक समूहका रुपमा यहाँका यहाँका १०४ जना कृषक समूहमा आबद्ध भई मेवाखेती गरिरहेको समूहका अध्यक्षसमेत रहेका लामाले जानकारी दिनुभयो । उहाँका अनुसार पदमपोखरीमा मात्रै हाल ३० हजार सङ्ख्यामा मेवाका बोट रहेका छन् ।

व्यवसायिक कृषिबाट स्वरोजगार बन्दै अरुलाई पनि रोजगारी दिन सकिने अनुभव सुनाउनुभयो । "यहीं केही गर्नसकेमा इज्जतसँगै पैसा पनि कमाउन सकिन्छ", उहाँले थप्नुभयो, "हाम्रो यहाँको भूगोलमा व्यावसायिक कृषिका धेरै सम्भावना रहेका छन्, तर यसप्रतिको लगाव तथा समर्पण भने अपरिहार्य छ ।" कृषिउद्यमलाई पर्यटनसँग पनि जोड्न सकिने बताउँदै उहाँले देशको आर्थिक समृद्धिका लागि कृषि उपयुक्त विकल्प भएको बताउनुभयो ।

धर्म, संस्कृति र परम्परालाई सम्मान गरौं

- **चाडपर्व मनाउँदा अनावश्यक तडक-भडक नगरौं,**
- **चाडपर्व सभ्य, शिष्ट र मर्यादित रुपमा मनाऔं,**
- **धार्मिक, सांस्कृतिक संस्कारलाई निरन्तरता दिऔं,**
- **एक अर्काको चाडपर्वप्रति सम्मान गरौं ।**

सामाजिक सद्भाव र सहिष्णुता कायम गरौं।

नेपाल सरकार,
विज्ञापन बोर्ड

बडादसैँले आपसी सद्भाव, भ्रातृत्व र सामाजिक एकता सुदृढ गर्छ

प्रत्यूष समाचारदाता

गण्डकी । गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले बडादसैँले नेपालीबीच आपसी सद्भाव, भ्रातृत्व, सामाजिक एकता र सहयोगको भावनालाई थप बलियो बनाउने विश्वास व्यक्त गर्नुभएको छ ।

बडादसैँको अवसरमा शनिबार शुभकामना सन्देश दिनुहुँदै उहाँले बडादसैँ असत्यमाथि सत्य र अन्यायमाथि न्यायको विजयको प्रतीकका रूपमा मनाइने महत्त्वपूर्ण पर्व रहेको उल्लेख गर्नुभएको छ ।

"नेपाल बहुसांस्कृतिक, बहु-जातीय, बहुभाषिक एवं बहुधार्मिक विविधताले भरिपूर्ण मुलुक हो, लुकभित्र प्रचलित संस्कृति, परम्परा र सभ्यताको संरक्षण तथा प्रवर्द्धन गर्नु हामी सबैको साझा दायित्व हो", शुभकामना सन्देशमा भनिएको छ । मुख्यमन्त्री पाण्डेले चाडपर्वले भौगोलिक, सांस्कृतिक र भाषिक विविधता बीचको सहिष्णुता सुदृढ गर्नुका साथै सांस्कृतिक एकता र राष्ट्रिय पहिचानलाई अक्षुण्ण राख्न महत्वपूर्ण योगदान पुर्याउने उल्लेख गर्नुभएको छ ।

लघुजलविद्युत्को भरमा लमजुङका बस्ती, राष्ट्रिय प्रसारण लाइनको प्रतीक्षा

लमजुङ । जिल्लाका पसगाउँ, सिङ्दीलगायतका बस्ती तथा राइनास नगरपालिकाको एउटा गाउँमा राष्ट्रिय प्रसारण लाइनको व्यवस्था नहुँदा ती स्थानका सर्वसाधारण लघुजलविद्युत्मा निर्भर भएका छन् ।

लघुजलविद्युत् आयोजनाको उत्पादन घटेका बेला बिजुली आपूर्ति पनि कम हुने गरेको छ । नेपाल विद्युत् प्राधिकरण वितरण केन्द्रका प्रमुख सोवितबहादुर क्षेत्रीका अनुसार राइनास नगरपालिकाको एउटा गाउँका करिब २० घर तथा क्व्होलासोथार गाउँपालिकाका पसगाउँ, सिङ्दीलगायतका बस्तीमा राष्ट्रिय प्रसारण लाइन विस्तार हुन बाँकी छ । हालसम्म जिल्लामा ४४ हजार घरमा विद्युत् सेवा पुगेको छ । सिङ्दी गाउँमा करिब २२० देखि २२५ घर रहे पनि लघु जलविद्युत् आयोजनाको उत्पादन घट्दा आपूर्तिमा समस्या हुने गरेको छ । विगतमा ४० किलोवाट विद्युत् उत्पादन हुने गरेकामा हाल अधिकतम २५ किलोवाट मात्र उत्पादन भइरहेको छ ।

उत्पादन घटेपछि दैनिक चार घण्टा विद्युत् आपूर्ति बन्द हुने गरेको छ । क्व्होलासोथार गाउँपालिकाकी उपाध्यक्ष गमीमाया गुरुङले गाउँपालिकाभित्रका विभिन्न बस्तीमा राष्ट्रिय प्रसारण लाइन विस्तारका लागि पटकपटक पहल गरिए पनि सुनुवाइ नभएको गुनासो गर्नुभयो ।

जग्गा भाडामा लिएर सयपत्री खेती



तुलसीपुर (दाङ) । दाङको तुलसीपुर उपमहानगरपालिका-१८ स्थित बिजौरी साना किसान कृषि सहकारी संस्थाका कार्यसमितिका सदस्य र कर्मचारी अहिले सयपत्री खेतीमा व्यस्त देखिन्छन् ।

एक हजार २०० सदस्य रहेको उक्त सहकारीले बनकट्टामा एक बिघा जग्गा भाडामा लिएर सयपत्री खेती गरेपछि त्यही खेतीको स्याहार सुसारमा व्यस्त रहने गरेका हुन् । चाडपर्वलाई लक्षित गरी यसरी सयपत्री खेती गरिएको संस्थाका अध्यक्ष चित्रा धितालले बताउनुभयो । "अहिले सबै कार्यसमिति र कर्मचारी यही हजारी खेतीको स्याहारमा लागेका छौँ," उहाँले भन्नुभयो "अहिले हजारीको सिजन भएकाले हामी यतातिर लागेका हौँ ।" उहाँका अनुसार 'कर्म' जातको सयपत्री खेती गरिएको हो । सुरुमा करिब तीन लाख बढी खर्च भएको छ । बीउ, मल्चिङ तथा खेत जोताइलगायत उक्त बराबरको खर्च भएको हो । तिहारलाई लक्षित गरी साउन २६ गते सयपत्री रोपिएको ४५ दिन मै फुलेपछि आफू चिन्तित बनेको अध्यक्ष धितालले बताउनु भयो । दसैँभन्दा अघि नै सयपत्री फुल्दा आफूले सोचेअनुसार आम्दानी हुँदैन, की भन्ने चिन्तामा रहेको उहाँले बताउनुभयो । "मैले तिहारलाई लक्षित गरेका थिए," उहाँले भन्नुभयो "तर, दसैँमा फुल्यो, यसले गर्दा सोचेअनुसार आम्दानी हुँदैन की भन्ने लाग्छ । सयपत्रीमा नियमित सिँचाइ गरेमा तीन पटकसम्म फुल्ने भएकाले सोही अनुसार काम गरिरहेको उहाँले बताउनुभयो । १२ देखि १६ लाखसम्म आम्दानी गर्ने लक्ष्य राखिएको अध्यक्ष धितालको भनाइ छ ।

दसैँ अगावै फुलेपनि सामाजिक सञ्जालबाट प्रचार गर्दा काठमाडौँसम्म पठाएको अध्यक्ष धितालको भनाइ छ । टिकटक र फेसबुकजस्ता सामाजिक सञ्जालको प्रयोग गरी असोज मै करिब दुई क्विन्टल फूल काठमाडौँ पठाइ सकिएको छ । विदेशबाट माग आएको उहाँले बताउनुभयो ।

पाँच वर्षका लागि जग्गा भाडामा लिएर यसरी सयपत्री खेती गरिएको हो । कट्ठाको वार्षिक दुई हजारका दरले यसरी जग्गा भाडामा लिइएको हो । कृषि सहकारी भएकाले सयपत्रीबाट राम्रो मनग्य लिन सकिने भएकाले यो खेतीतर्फ लागिएको उहाँले बताउनुभयो ।

विकासको सम्भावना बोकेको बुद्धकालीन रोहिणी सभ्यता ओझेलमा

रूपन्देही । रूपन्देहीको पूर्वी क्षेत्रमा बग्ने रोहिणी नदी नाम प्राकृतिक जलस्रोत मात्र नभई बुद्धकालीन इतिहास, सभ्यता र शान्तिको सन्देशसँग जोडिएको छ ।

प्राचीन शाक्य र कोलिय गणराज्यबीचको जलविवाद र भगवान् गौतम बुद्धले दिनुभएको शान्तिको सन्देशसँग सम्बन्धित यस नदीको ऐतिहासिक महत्त्व रहे पनि यसको पर्याप्त खोज, अनुसन्धान, संरक्षण र पर्यटकीय विकास हुन सकेको छैन ।

पहाडी क्षेत्रबाट उद्गम भई रूपन्देहीको देवदह, तिलोत्तमा, ओमसतिया र रोहिणी गाउँ पालिकाका विभिन्न क्षेत्र हुँदै भारततर्फ बग्ने रोहिणी नदीले यस क्षेत्रको प्राकृतिक, सांस्कृतिक र ऐतिहासिक पहिचान बोकेको छ । नदी आसपासको प्राचीन सभ्यता र बुद्धकालीन घटनासँगको सम्बन्ध लाई उजागर गर्न सके यसले लुम्बिनी क्षेत्रको बौद्ध पर्यटन प्रवर्द्धनमा समेत योगदान पुर्याउन सक्ने सम्भावना छ ।

बौद्ध इतिहासका अनुसार रोहिणी नदीको पानी बाँडफाँटलाई लिएर शाक्य र कोलिय गणराज्य बीच विवाद उत्पन्न भएको थियो । खेतीपातीका लागि पानी उपयोग गर्ने विषयमा सुरु भएको विवाद युद्धको अवस्थासम्म पुगेपछि बुद्धले हस्तक्षेप गरी मानवजीवनको मूल्य पानीभन्दा ठूलो रहेको सन्देश दिनुभएको बुद्ध त्रिपिटकमा उल्लेख छ । पानीका लागि मानव जीवन समाप्त गर्नु उचित नहुने सन्देश मार्फत उहाँले दुवै पक्षलाई युद्धबाट पछि हट्न प्रेरित गर्नुभएको थियो ।

यस प्रसङ्गले रोहिणी नदीलाई जलस्रोतका रूपमा मात्र नभई शान्ति, सहअस्तित्व र विवाद समाधानको प्रतीकका रूपमा समेत महत्त्वपूर्ण बनाएको छ । यही ऐतिहासिक पक्षलाई आधार बनाएर नदीसँग सम्बन्धित सभ्यताको अध्ययन र प्रवर्द्धन गर्नुपर्ने सरोकारवालाको भनाइ छ । लुम्बिनी बौद्ध विश्वविद्यालयका क्याम्पस प्रमुख दयानिधि गौतमका अनुसार रोहिणी नदी बुद्धकालीन सभ्यता र इतिहाससँग जोडिएको महत्त्वपूर्ण नदी हो । यससँग सम्बन्धित ऐतिहासिक घटनाको अध्ययनले बुद्धको शान्ति र मानवतावादी दर्शनलाई बुझ्न सहयोग पुर्याउने उहाँको भनाइ छ ।

लुम्बिनी विकास कोषका निमित्त सदस्य सचिव ज्ञानिन राईले रोहिणी सभ्यताको खोज, अध्ययन तथा अनुसन्धान गर्न आवश्यक रहेको बताउनुभयो । ऐतिहासिक महत्त्व बोकेको यस क्षेत्रको पहिचान गरी पर्यटकीय स्थलका रूपमा विकास गर्न सके बौद्ध पर्यटन प्रवर्द्धनमा योगदान पुग्ने उहाँको भनाइ छ ।

स्थानीय सञ्चारकर्मी अञ्जना चौहानले रोहिणी सभ्यता लाई लुम्बिनीसँग जोडेर विश्व स्तरको पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न सकिने बताउनुभयो । यसका लागि राज्यले रोहिणी नदीको ऐतिहासिक महत्त्व पहिचान गर्दै संरक्षण, प्रचारप्रसार र पर्यटन विकासमा ध्यान दिनुपर्ने उहाँको भनाइ छ ।

बुद्ध अनुसन्धानका ज्ञाता सुरज घिमिरेका अनुसार रोहिणी नदीको ऐतिहासिक तथा सांस्कृतिक महत्त्व उजागर गर्न प्रामाणिक अनुसन्धान र संरक्षण आवश्यक छ । लुम्बिनी, देवदह र प्राचीन कपिलवस्तुसँग जोडेर रोहिणी सभ्यताको अध्ययन तथा पर्यटन प्रवर्द्धन गर्न सके यस क्षेत्रलाई अन्तरराष्ट्रिय बौद्ध पर्यटनको महत्त्वपूर्ण गन्तव्यका रूपमा विकास गर्न सकिने सम्भावना छ ।

रोहिणी नदीको ऐतिहासिक पहिचान स्थापित गर्न नदीको उद्गम, प्राचीन बस्ती, ऐतिहासिक घटनाक्रम र सांस्कृतिक सम्पदाको अनुसन्धान आवश्यक देखिन्छ । स्थानीय तह, लुम्बिनी विकास कोष, विश्वविद्यालय तथा अनुसन्धान कर्ताबीच सहकार्य गरी संरक्षण र पर्यटन विकासका योजना अघि बढाउन सके बुद्धले दिनुभएको शान्ति र सहअस्तित्वको सन्देश बोकेको रोहिणी सभ्यतालाई विश्वसामु चिनाउन सकिने अपेक्षा गरिएको छ ।

छ सय वर्ष पुरानो खड्गदेवीमा भक्तजनको भीड

दमौली । तनहुँको पर्यटकीय नगरी बन्दीपुरमा रहेको प्रसिद्ध खड्गदेवी मन्दिरमा फूलपातीको दिन शनिबार पूजाआजा गर्ने भक्तजनको भीड लागेको छ । वर्षको नौ दिन नवरात्रका अवधिमा मात्रै खुल्दै आएको उक्त मन्दिर विगत तीन वर्ष देखि भने दैनिक रूपमा सर्वसाधारणका लागि खुला गरिएको थियो ।

बन्दीपुर गाउँपालिका-४ मा रहेको उक्त मन्दिरमा पूजा-आजाका लागि बिहानै देखि भक्तजनको घुइँचो लागेको स्थानीय किसान प्रधानले बताउनुभयो । उहाँका अनुसार यहाँ पूजाआजाका लागि बन्दीपुरका ग्रामीण भेगदेखि छिमेकी पालिकाबाट समेत भक्तजन आएका छन् । करिब ६०० वर्षभन्दा पुरानो यस मन्दिर जातीय सहिष्णुताको प्रतीक मानिन्छ । यस मन्दिरमा कामी, मगर र बाहुन जातिका तीन पुजारीहरू रहेका छन् । भगवान् शिवजीले राजा मणि-मुकुन्द सेनलाई दिएको तरबार राजा मुकुन्द सेनले एक ब्राह्मणीको घरमा छाडेर गई देवघाटमा गएर समाधि लिएको र यस तरबारले नागको रूप लिएर घरको परिक्रमा गरिरहेपछि धार्मिक अनुष्ठान गर्ने कार्य गरिएको र नागले तरबारको रूप धारण गरि उडेर बन्दीपुर डाँडामा खसेर उछिटिएर यस ठाउँमा भगवान् शिवजीको सन्देश स्वरूप खड्गदेवीको रूपमा प्रकट भई स्थापना भएको धार्मिक किंवदन्ती रहेको छ । यहाँका बन्दीपुरेहरूले इष्ट देवताको रूपमा पुजिने देवीको यस मन्दिर वर्षको नौ दिन नवरात्रको अवधिमा मात्र खुल्दै आएको थियो । केही समय जमिन छोडेर हावामा सयर गरेपछि मन्दिरको दर्शन गर्दा सबल, सक्षम, कुशल नेता, प्रशासक र सत्कर्मी बन्न सक्ने आर्शीवाद पाइन्छ भन्ने धार्मिक विश्वास रहँदै आएको छ ।

मन्दिर बिहान ७ बजेदेखि बेलुका ७ बजेसम्म मन्दिर खुला रहने मन्दिर प्रमुख मगर खाँडे पुजारी रामकुमार आलेले जानकारी दिनुभयो । यस मन्दिरमा फूलपाती को दिनमा खड्ग यात्रामा प्रयोग गरिने देवीको गहना विसं १८७६ मा मास्टर दुवाचाब्रह्मा उपाध्यायले चढाएको गहनामा अङ्कित झल्लरमा उल्लेख छ ।

खड्गदेवी मन्दिरमा हरेक दसैँको फूलपातिका दिन विशेष मेला लाग्छ । मन्दिरको खड्गलाई बजारमा शोभायात्रा गरिन्छ । खड्ग शोभायात्रा गर्दा बन्दीपुरका सबै जातजातिका व्यक्ति सहभागी हुन्छन् । शोभायात्रामा हजारौंको सङ्ख्यामा उपस्थिति हुने गरेको बन्दीपुर गाउँपालिकाका अध्यक्ष सुरेन्द्र थापाले बताउनुभयो ।

मन्दिर पहिले दुङ्गै दुङ्गाबाट निर्माण गरिएको थियो । पछि राजा चन्द्र शमशेरको पालामा दरबार शैलीमा मन्दिर रूपान्तरण गरियो । अहिले भने त्यहाँ तामाको छाना राखिएको छ ।

सेनाको विपद् प्रतिकार्य : समन्वय र सहकार्यको उत्कृष्ट संयोजन

काठमाडौँ । नेपाली सेनाले भोटेकोशी बाढीपछि विपद्का घटनामा गरिएको खोज, उद्धार तथा पुनःस्थापनालाई समन्वय, सहकार्य र आपसी सहयोगको उत्कृष्ट संयोजनको संज्ञा दिएको छ ।

बाढीपहिरो प्रभावित क्षेत्रमा सडक र पुल भत्किएर आवागमन ठप्प भएको बेला बदलिँदो परिस्थितिअनुसार प्रविधिको उपयोग गर्दै विपद् प्रतिकार्यलाई प्रभावकारी बनाउन सेनाले देखाएको तत्परता र व्यावसायिक क्षमतालाई प्रतिबिम्बित गरेको स्पष्ट पारेको छ ।

सैनिक प्रवक्ता राजाराम बस्नेतका अनुसार प्रतिकूल मौसम, दुर्गम भूगोल र चुनौतीपूर्ण परिस्थितिका बाबजुद त्यो कठिन घडीमा नागरिकको जीवन रक्षालाई उच्च प्राथमिकतामा राखि गरिएको खोज, उद्धार, राहत र स्थानान्तरण मा सुरक्षा फौज समन्वयका साथ सक्रिय रूपमा परिचालित थियो ।

रसुवाबाढीपछि प्रभावित क्षेत्रको अवस्थाको स्मरण गराउँदै सेनाले लेखमार्फत उपलब्ध गराएको विवरणमा भनिएको छ- "जोखिमपूर्ण परिस्थितिमा परिचालित सैनिकहरूको साहस, कर्तव्यनिष्ठा, व्यावसायिक दक्षता र सेवाभावले जनताको सुरक्षा तथा कल्याण प्रतिको प्रतिबद्धतालाई व्यवहारमै अभिव्यक्त गरेको छ ।"

'समर्पणले नागरिकमा भरोसा जगाएको छ'

भदौ १० गते भोटेकोशीको भीषण बाढीबाट प्रभावित नागरिक को खोज, उद्धार तथा पुनः स्थापनाको कार्य जारी रहेकै अवस्थामा असोजमा भएको अविरल वर्षाले देशका विभिन्न क्षेत्रमा बाढी, पहिरो र डुबानको जोखिम थप बढायो । बागलुङ, पर्वत, म्याग्दी, मनाङ र मुस्ताङलगायत जिल्लामा जनधनको क्षति भयो । बाढी र पहिरोबाट सडक तथा पुलमा क्षति पुग्दा स्थानीय बासिन्दा र पर्यटकको आवागमनसमेत प्रभावित भयो । विपद्को त्यस्तो कठिन घडीमा नागरिकको जीवन रक्षा र सुरक्षालाई सर्वोच्च प्राथमिकतामा राख्दै सेना तत्काल खोज तथा उद्धार, राहत वितरण र जोखिममा रहेका नागरिकको सुरक्षित स्थानान्तरणमा सक्रिय रूपमा परिचालित थियो ।

प्रतिकूल मौसम, दुर्गम भूगोल र चुनौतीपूर्ण परिस्थितिका बाबजुद नेपाली सेनाले स्थल तथा हवाई साधन, स्वास्थ्यकर्मी र इन्जिनियरिङ फौजसहित हजारौँ सैनिकलाई चौबिसै घण्टा परिचालन गरी विपद् प्रतिकार्यलाई तीव्रता दियो । जोखिमपूर्ण स्थानमा रहेका १२७ जनालाई हवाई साधनमार्फत सुरक्षित स्थानमा स्थानान्तरण गर्नुका साथै प्रभावित क्षेत्रमा अत्यावश्यक राहत सामग्री पुर्याइएको थियो । सडक अवरुद्ध भएका स्थानमा उद्धार तथा सडक पुनः सञ्चालनका लागि प्रयोग गरिने मेसिनमा इन्धन आपूर्ति गर्न ड्रोनको प्रयोगसमेत गरिएको थियो । यसले बदलिँदो परिस्थितिअनुसार प्रविधिको उपयोग गर्दै विपद् प्रतिकार्यलाई प्रभावकारी बनाउने नेपाली सेनाको तत्परता र व्यावसायिक क्षमतालाई प्रति बिम्बित गरेको छ ।

यसैक्रममा मनाङको चामे गाउँपालिका-४ स्थित ठाडो खोलामा पहिरोका कारण थुनिएको मर्स्याङ्दी नदीको बहाव पूर्ववत् सञ्चालनमा ल्याउन सेना सक्रिय रह्यो । अवरुद्ध विद्युत् प्रसारण लाइन सञ्चालनमा सहयोग गर्नुका साथै बाढीले बगाएको पुलको स्थानमा अस्थायी पुल निर्माण गरी माथिल्लो मनाङसँगको आवागमन सुचारु गराउने कार्यमा समेत सेनाले योगदान पुर्याएको थियो । हिम्लुङ हिमालमा गएको हिमपहिरोमा परी मृत्यु भएका पर्यटकहरूको शव हवाई माध्यमबाट उद्धार गर्ने कार्यमा सहयोग गरी मानवीय दायित्व निर्वाह गरेको छ । असोज २५ गते बुढीगण्डकी नदीमा आएको बाढीबाट प्रभावित नागरिकको उद्धारमा समेत सेना तत्काल परिचालित भयो । एमआई-१७ सहित चारवटा हेलिकप्टर तथा स्थलमार्गबाट परिचालित उद्धार टोलीले विभिन्न प्रभावित क्षेत्रबाट विदशीसहित एक हजार १०६ जनालाई सुरक्षित स्थानमा स्थानान्तरण गर्यो । बाढीबाट प्रभावित स्थानीयवासीका घरमा डुबानमा परेका सामान सुरक्षित रूपमा निकाल्न सहयोग गर्नुका साथै सडक सञ्जाल विच्छेद भएका क्षेत्रमा करिब १८ हजार ६८० किलोग्राम खाद्यान्न तथा राहत सामग्री ढुवानी गरियो ।

सैनिक मञ्च टुँडिखेलमा फूलपाती बढाइँ

काठमाडौँ । राष्ट्रपति रामचन्द्र पौडेलको प्रमुख आतिथ्यमा सैनिक मञ्च टुँडिखेलमा शनिबार अपराह्न 'फूलपाती बढाइँ समारोह-२०८३' सम्पन्न भएको छ ।

समारोहमा नेपाली सेनाका परमाधिपति राष्ट्रपति पौडेलको सम्मानमा नेपाली सेनाले सलामी अर्पण गरेको थियो ।

उक्त समारोहमा सेनाको टोलीले शङ्खघोषसहित राइफलबाट लहरे र एकट्ठा तथा तोपबाट पनि बढाइँ गरेको थियो । समारोहमा सैनिक परेड प्रदर्शनका साथै सैनिक हेलिकप्टरमार्फत 'फूलपाती बढाइँ समारोह-२०८३' ब्यानर प्रदर्शन र पुष्पवृष्टि गरिएको थियो । सो अवसरमा दुर्गा बन्दना प्रस्तुत गरिएको थियो ।

फूलपाती बढाइँ धर्म, संस्कृति र परम्परालाई निरन्तरता दिने विशिष्ट मौलिक कार्यक्रम मानिन्छ । नेपाली सेनाले सैनिक मञ्चमा हर्षोल्लासपूर्वक फूलपाती बढाइँ गर्ने प्रचलन छ । गोरखाबाट ल्याइएको जमरा र फूलपाती हनुमानढोका दसैँघरमा साइत जुराएर भित्र्याएसँगै टुँडिखेलमा फूलपाती बढाइँ गर्ने परम्परा छ ।

समारोहमा प्रथम महिला सविता पौडेल, उपराष्ट्रपति रामसहायप्रसाद यादव, प्रधानमन्त्री बालेन्द्र शाह, प्रधानन्यायाधीश डा मनोजकुमार शर्मा, सभामुख डोलप्रसाद अर्याल, राष्ट्रियसभा अध्यक्ष नारायणप्रसाद दाहाल, मन्त्रिगणलगायत विशिष्ट व्यक्तित्व, कूटनीतिक नियोगको प्रमुख तथा प्रतिनिधि सहभागी हुनुहुन्थयो । बडादसैँको सप्तमी अर्थात् फूलपाती का दिन सेनाले हरेक वर्ष सैनिक मञ्च टुँडिखेलमा भव्य समारोहका बीच फूलपाती बढाइँ गर्दै आएको छ। सैनिक मञ्चको बढाइँ हेर्न टुँडिखेल वरपर नागरिकहरूको बाक्लो उपस्थिति थियो। नेपाल टेलिभिजनलगायत सञ्चार माध्यमले फूलपाती बढाइँको प्रत्यक्ष प्रसारण गरेका थिए ।

पाथीभराबाट तीन महिनामा ३३ लाख बढी सङ्कलन

ताप्लेजुङ । यहाँस्थित प्रसिद्ध धार्मिकस्थल पाथीभरा मन्दिरमा चालु आर्थिक वर्ष २०८३/८४ को पहिलो तीन महिनामा ३३ लाख २६ हजार ६५० रूपैयाँ भेटी सङ्कलन भएको छ ।

सोही अवधिमा २० हजार ५२२ जना तीर्थयात्रीले पाथीभराको दर्शन गरेका छन् । पाथीभरा क्षेत्र विकास समितिका अनुसार साउन, भदौ र असोज महिनामा भक्तजन बाट उक्त रकम भेटीस्वरूप सङ्कलन भएको हो । भेटी सङ्कलन र दर्शनार्थीको सङ्ख्यालाई पारदर्शी बनाउन समितिले नियमित रूपमा विवरण सार्वजनिक गर्दै आएको छ। समितिको तथ्याङ्कअनुसार साउनमा दुई हजार ४६९ जना तीर्थयात्रीले दर्शन गर्दा तीन लाख १८ हजार ५०० रूपैयाँ भेटी सङ्कलन भएको थियो । भदौमा छ हजार १२३ जना दर्शनार्थीबाट १३ लाख ६७ हजार रूपैयाँ र असोजमा ११ हजार ९३० जना दर्शनार्थीबाट १६ लाख ४१ हजार १५० रूपैयाँ भेटी सङ्कलन भएको छ । अघिल्ला दुई महिनाको तुलनामा असोजमा दर्शनार्थीको सङ्ख्या र भेटी सङ्कलन दुवै बढेको समितिले जनाएको छ ।

पाथीभरा क्षेत्र विकास समितिका कार्यकारी निर्देशक प्रजिन हाङ्बाङका अनुसार वर्षायाम सकिएसँगै मौसममा आएको सुधार र बडादसैँको नवरात्रका कारण असोजमा तीर्थयात्रीको आगमन बढेको हो ।

सरकारकै तर्फबाट विधिपूर्वक भित्राइयो फूलपाती

कास्की । पोखराको प्रसिद्ध शक्तिपीठ विन्ध्यवासिनी मन्दिरमा बडादसैँको सप्तमीका अवसरमा शनिबार सरकारका तर्फबाट विधिपूर्वक पूजा-आजा गरी फूलपाती भित्राइएको छ।

परम्पराअनुसार जिल्ला प्रशासन कार्यालय कास्कीको अगुवाइमा प्रमुख जिल्ला अधिकारी कुमानसिंह गुरुङको उपस्थितिमा फूलपाती भित्राइएको हो । सो अवसरमा जिल्ला सुरक्षा समितिका पदाधिकारी, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपालका अधिकृत तथा जवान र सर्वसाधारण को सहभागिता रहेको थियो ।

फूलपाती भित्र्याउन पोखरा को मानव अधिकार चोकबाट बाजागाजासहित शोभायात्रा निकालिएको थियो। भिमसेन मन्दिर, नालाको मुख र मोहोरियाटोल हुँदै विन्ध्यवासिनी मन्दिर परिसर पुगेको शोभायात्रा पूजाआजासँगै समापन भएको थियो ।

सो अवसरमा प्रमुख जिल्ला अधिकारी गुरुङ, प्रहरी प्रमुख नवीन कार्की लगायत सुरक्षा निकायका अधिकृतले कस्केली नागरिकको सुख, शान्ति र समृद्धिको कामना गर्दै विन्ध्यवासिनी मन्दिरमा पूजाआजा गर्नुभएको थियो । साथै, चारवटै सुरक्षा निकायका तर्फबाट नवदुर्गा भगवतीलाई सलामी अर्पण गरिएको थियो ।

प्रमुख जिल्ला अधिकारी गुरुङले चाडपर्वका अवसरमा शान्ति सुरक्षा कायम गरी सबैलाई भयरहित वातावरणमा खुसीसाथ चाडपर्व मनाउने व्यवस्था मिलाउन सहयोग गर्न आग्रह गर्नुभयो । "जिल्ला प्रशासन कार्यालयको अगुवाइमा विधिपूर्वक फूलपाती भित्राइएको हो । सरकारी तवरबाटै परम्परागत रूपमा यो कार्य हामीले गर्दै आएका छौं।" उहाँले भन्नुभयो । परम्परादेखि नै पोखरा स्थित विन्ध्यवासिनी मन्दिर र कास्की कोटमा नेपाल सरकारका तर्फबाट विधिपूर्वक पूजाआजा गरी फूलपाती भित्राउने प्रचलन रहिआएको छ । फूलपातीका दिन पोखराका विन्ध्यवासिनी, तालबाराही, तथा भद्रकाली, अकलादेवी लगायतका मन्दिरमा पूजाआजा गर्न आउने भक्तजनको घुइँचो लागेको थियो ।

एनपिएलमा विदेशी खेलाडीका लागि नयाँ मापदण्ड अनिवार्य

काठमाडौँ । अन्तरराष्ट्रिय क्रिकेट परिषद् (आइसिसी) बाट मान्यता पाएसँगै नेपाल प्रिमियर लिग (एनपिएल) मा खेलाडीको योग्यता, भ्रष्टाचार नियन्त्रण र खेल सञ्चालनसम्बन्धी नियम कडा हुने भएका छन् ।

नेपाल क्रिकेट सङ्घ (क्यान) का सचिव पारस खड्काले शनिबार कीर्तिपुरस्थित त्रिवि अन्तरराष्ट्रिय क्रिकेट मैदानमा आयोजित पत्रकार सम्मेलनमा एनपिएल सञ्चालनका लागि आइसिसीको मापदण्डअनुसार आवश्यक व्यवस्था गरिने जानकारी दिनुभएको हो ।

प्रतियोगितामा सहभागी विदेशी खेलाडीले सम्बन्धित क्रिकेट बोर्डबाट नो अब्जेक्सन सर्टिफिकेट (एनओसी) लिनुपर्नेछ भने म्याच फिक्सिङ र स्पट फिक्सिङ नियन्त्रण गर्न आइसिसीको भ्रष्टाचारविरोधी आचारसंहिता लागू गरिने उहाँले बताउनुभयो ।

"फ्रेन्चाइज क्रिकेटमा हुन सक्ने अनियमितता रोक्न आइसिसीको एन्टी-करपशन युनिट (एसीयू) का नियमहरू कडाइका साथ लागू गरिनेछ । नेपालको कानुन र आइसिसीको आचारसंहिता दुवै यसमा लागू हुने हुँदा खेलाडी, टिमधनी तथा सबै सरोकार-वालाहरूले थप जिम्मेवार र सतर्क हुनुपर्ने छ", सचिव खड्काले भन्नुभयो ।

उहाँका अनुसार आइसिसीको प्रावधानअनुसार प्रतियोगिता सुरु हुनुभन्दा अघिल्लो छ महिनाको अवधिमा गैरकानुनी वा सम्बन्धित निकायबाट स्वीकृति नलिएको क्रिकेट प्रतियोगिता खेलेका खेलाडी एनपीएलमा सहभागी हुन पाउने छैनन् । अन्तरराष्ट्रिय क्रिकेटबाट सन्न्यास लिइसकेका विदेशी खेलाडीले समेत सम्बन्धित क्रिकेट बोर्डबाट एनओसी लिनुपर्ने व्यवस्था छ । "अन्तरराष्ट्रिय क्रिकेटबाट सन्न्यास लिएका विदेशी खेलाडीले एनपिएल खेल्नका लागि आ-आफ्नो देशको क्रिकेट बोर्डबाट अनिवार्य रूपमा एनओसी लिनुपर्नेछ । आइसिसी वा सम्बन्धित क्रिकेट बोर्डबाट स्वीकृति नलिएका प्रतियोगिताहरू एनपिएल सुरु हुनुभन्दा अघिल्लो छ महिनाको अवधिमा खेलेका खेलाडीहरू यसपटकको एनपिएलमा खेल्न योग्य हुने छैनन्", सचिव खड्काले भन्नुभयो ।

यस प्रतियोगिताको तेस्रो संस्करण सकिएलगत्तै ६० दिनभित्र हामीले यसको समीक्षा प्रतिवेदन बुझाउनुपर्नेछ । विदेशी खेलाडी सम्बन्धी नियम: यसपटक प्रत्येक फ्रेन्चाइज टिमले कम्तीमा छ देखि बढीमा आठ जनासम्म विदेशी खेलाडी राख्न पाउनेछन् । खेलमा सहभागी हुने अन्तिम ११ खेलाडीमा सात नेपाली र चार विदेशी खेलाडी अनिवार्य समावेश गर्नुपर्नेछ । एनपिएलमा निर्णय पुनरावलोकन प्रणाली (डिआरएस) लागू गर्ने विषयमा तयारी अन्तिम चरणमा पुगेको सचिव खड्काले जानकारी दिनुभयो । यसबारे केही दिनभित्र औपचारिक निर्णय सार्वजनिक गरिने उहाँले जानकारी दिनुभयो ।

"एनपिएलमा डिआरएस लागू गर्ने विषयमा छलफल भइरहेको छ । यसबारेमा सोमबारसम्ममा औपचारिक जानकारी दिइनेछ", सचिव खड्काले भन्नुभयो ।

क्यानले आगामी नोभेम्बर १९ देखि २१ सम्म काठमाडौँमा आइसिसी एसिया सम्मेलन आयोजना गर्नेभएको छ ।

सम्मेलनमा एसियाका टेस्ट तथा एसोसिएट राष्ट्रका क्रिकेट सङ्घका अध्यक्ष, सचिव र प्रमुख कार्यकारी अधिकृत सहभागी हुने सचिव खड्काले जानकारी दिनुभयो। उहाँका अनुसार सम्मेलनमा एसियाली क्रिकेटको नीतिगत विकासका विषयमा छलफल हुनेछ ।

नागरिकले विश्वास गर्ने राजनीति पार्टी बनाउँछु : थापा

ललितपुर । नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले पार्टीलाई नागरिकको विश्वासको केन्द्रको भरोसायोग्य, वैचारिक र सामाजिक आन्दोलनको नेतृत्व गर्ने संस्थाका रूपमा विकास गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ ।

पार्टीको केन्द्रीय निर्वाचन समितिद्वारा शनिबार पार्टीको केन्द्रीय कार्यालय सानेपामा आयोजित नवनिर्वाचित पार्टी सभापतिको शपथपछि सम्बोधन गर्दै उहाँले लोकतन्त्र, नागरिकको गरिमा र सामाजिक न्यायलाई पार्टीका प्रमुख आधार बनाउने बताउनुभयो ।

"आगामी चार वर्षमा पार्टीका आन्तरिक गतिविधिभन्दा नागरिकका मुद्दा र समस्यालाई प्राथमिकता दिने छौं, कांग्रेसलाई नेपाली समाजका प्रश्नको जवाफ दिनसक्ने वैचारिक नेतृत्वका रूपमा अघि बढाउने, सङ्गठनलाई आधुनिक बनाउने छौं, युवादेखि किसानसम्म लाई सामाजिक आन्दोलन मा जोड्ने योजना छ, पार्टीभित्र सहमत र असहमत सबै पक्षलाई समेटेर अघि बढ्ने तथा नेतृत्वलाई पारदर्शी र जवाफदेही बनाउने प्रतिबद्धता व्यक्त गर्न चाहान्छु", उहाँले भन्नुभयो ।

सभापतिको पद अधिकार नभई जिम्मेवारी भएको उल्लेख गर्दै आफूबाट गल्ती भए त्यसको भार पार्टीले बोक्न नहुने उहाँको भनाइ छ । उहाँले व्यक्तिका कमजोरीको जिम्मेवारी सम्बन्धित व्यक्तिले नै लिनुपर्ने स्पष्ट पार्नुभयो ।

हालैको प्राकृतिक विपत्तिका कारण धेरै परिवार शोक र अभावमा रहेकाले यस वर्ष दसैँलाई तडकभडक पूर्ण रूपमा नमनाउने कांग्रेसको निर्णय रहेको उहाँले जानकारी दिनुभयो । विपत्तिबाट प्रभावित तथा आफन्त गुमाएका परिवारसँग जोडिएर चाड मनाउन र सामाजिक सद्भाव कायम राख्न उहाँले पार्टीका नेताकार्यकर्ता तथा आमनागरिकलाई आग्रह गर्नुभयो ।

निर्वाचन समितिका संयोजक वरिष्ठ अधिवक्ता प्रेमबहादुर खड्काले छोटो समयमा तय भएको कार्य तालिकाका आधारमा पनि निर्वाचन सम्पन्न भएको भन्दै नेपाली कांग्रेसको इतिहासमा नै १६५ निर्वाचन क्षेत्रमा अधिवेशन सम्पन्न भएर केन्द्रीय महाधिवेशन हुन सफल भएको जानकारी गराउनुभयो ।

सो क्रममा उहाँले नव निर्वाचित सभापति थापालाई देशमा बढ्दै गएको राजनीति अनुशासन हीनतालाई सही दिशामा ल्याउन, सार्वभौम सत्ताको संरक्षणमा लाग्न, सम्मानपूर्वक बाँच्न पाउने अधिकारको संरक्षण र मानव अधिकारको रक्षा गर्न सक्षम हुनेगरी अगाडि बढ्न आग्रह गर्नुभयो ।

दाना-खुर्कोट प्रशारण लाइन मर्मत अन्तिम चरणमा

म्याग्दी । असोजको दोस्रो साता आएको बाढीपहिरो र कालीगण्डकी नदीको कटानले क्षतिग्रस्त बनेको २२० केभी क्षमताको कालीगण्डकी कोरिडोरको दाना-खुर्कोट प्रसारण लाइन मर्मत कार्य अन्तिम चरणमा पुगेको छ ।

विपद्का समयमा आकस्मिक रूपमा विद्युत आपूर्ति सहज बनाउन क्यानडाको प्रविधि उपयोग गरेर अस्थायी टावर निर्माण थालिएको छ । प्रसारण लाइनका तीन वटा टावरमा क्षति पुग्दा म्याग्दी र मुस्ताङका सातवटा जलविद्युत् आयोजनाबाट उत्पादित १७६ मेगावाट विद्युत् राष्ट्रिय प्रसारण प्रणालीमा जोडिन सकेको छैन । अवरुद्ध विद्युत् आपूर्ति सुचारु गर्न नेपाल विद्युत् प्राधिकरणको पोखरा ग्रिड महाशाखा र यस क्षेत्रमा सञ्चालनमा रहेमा जलविद्युत आयोजनाहरूको सहयोगमा अस्थायी टावर निर्माण र तार तान्ने काम अन्तिम चरणमा पुगेको छ ।

"क्षतिग्रस्त भएका तीन वटा टावरको सट्टामा क्यानाडा प्रविधिको एक वटा अस्थायी टावर निर्माण गरेर विद्युत् आपूर्ति सुचारु गर्न लागिएको हो", उहाँले भन्नुभयो, "बेनी-जोमसोम सडकको भीरकाटे खण्डदेखि पारी रहेको म्याग्दीको अन्नपूर्ण गाउँपालिका-१ दोबाको औलमा टावर निर्माणका साथै तार तान्ने काम अन्तिम चरणमा छ।"

कालीगण्डकी वेसिनमा रहेका जलविद्युत् आयोजना र महाशाखाका गरी २० जनाभन्दा बढी इञ्जिनियर, त्यति नै सङ्ख्यामा प्राविधिक र ५० जनाभन्दा बढी मजदुरहरू दैनिक रूपमा परिचालन गरेर टावर निर्माण र तार तान्ने काम धमाधम भइरहेको छ । तत्कालका लागि अस्थायी टावर निर्माण गरेर विद्युत् आपूर्ति सुचारु गर्ने र क्षतिग्रस्त टावरको पुनः निर्माणको प्रक्रिया सँगसँगै अगाडि बढाउने नेपाल विद्युत् प्राधिकरणले जनाएको छ ।

प्रसारणलाइनको टावरमा क्षति पुगेपछि म्याग्दी र मुस्ताङमा सञ्चालन भएका सात वटा जलविद्युत् आयोजनाको उत्पादन बन्द भएको छ । दाना-खुर्कोट प्रसारणलाइनबाट केन्द्रीय प्रणालीमा विद्युत् आपूर्ती गराउँदै आएका अन्नपूर्ण गाउँपालिका-४ नारच्याङमा पाँच मेगावाट क्षमताको घलेम्दी खोला, ४२ मेगावाट क्षमताको म्रिस्त्रीखोला, ३८ मेगावाट क्षमताको निलगिरी-१, ७१ मेगावाट क्षमताको निलगिरी-२, ६ मेगावाट क्षमताको रेलेखोला जलविद्युत् आयोजना र मुस्ताङको टुकुचेमा रहेको १४ मेगावाट क्षमताको थापाखोला जलविद्युत् आयोजनाबाट विद्युत् उत्पादन बन्द भएको छ ।

नागरिकले विश्वास गर्ने राजनीति पार्टी बनाउँछु : थापा

ललितपुर । नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले पार्टीलाई नागरिकको विश्वासको केन्द्रको भरोसायोग्य, वैचारिक र सामाजिक आन्दोलनको नेतृत्व गर्ने संस्थाका रूपमा विकास गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ ।

पार्टीको केन्द्रीय निर्वाचन समितिद्वारा शनिबार पार्टीको केन्द्रीय कार्यालय सानेपामा आयोजित नवनिर्वाचित पार्टी सभापतिको शपथपछि सम्बोधन गर्दै उहाँले लोकतन्त्र, नागरिकको गरिमा र सामाजिक ागामी चार वर्षमा पार्टीका आन्तरिक गतिविधिभन्दा नागरिकका मुद्दा र समस्यालाई प्राथमिकता दिने छौं, कांग्रेसलाई आजको नेपाली समाजका प्रश्नको जवाफ दिनसक्ने वैचारिक नेतृत्वका रूपमा अघि बढाउने, सङ्गठनलाई आधुनिक बनाउने छौं, युवादेखि किसानसम्म लाई सामाजिक आन्दोलन मा जोड्ने योजना छ, पार्टीभित्र सहमत र असहमत सबै पक्षलाई समेटेर अघि बढ्ने तथा नेतृत्वलाई पारदर्शी र जवाफदेही बनाउने प्रतिबद्धता व्यक्त गर्न चाहान्छु", उहाँले भन्नुभयो ।

सभापतिको पद अधिकार नभई जिम्मेवारी भएको उल्लेख गर्दै आफूबाट गल्ती भए त्यसको भार पार्टीले बोक्न नहुने उहाँको भनाइ छ । उहाँले व्यक्तिका कमजोरीको

नागरिकले विश्वास गर्ने राजनीति पार्टी बनाउँछु : थापा



जिम्मेवारी सम्बन्धित व्यक्तिले नै लिनुपर्ने स्पष्ट पार्नुभयो ।

हालैको प्राकृतिक विपत्तिका कारण धेरै परिवार शोक र अभावमा रहेकाले यस वर्ष दसैँलाई तडकभडक पूर्ण रूपमा नमनाउने कांग्रेसको निर्णय रहेको उहाँले जानकारी दिनुभयो । विपत्तिबाट प्रभावित तथा आफन्त गुमाएका परिवारसँग जोडिएर चाड

प्रत्युष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालय:नीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : रमेश अधिकारी, Email : pratyushdainik@gmail.com,Website:epratyush.com